रा.प्र. मिति: २०८१-०१-१



## मर्स्याङ्दी गाउँपालिका

## आरन सुधार तथा आधुनिकिकरणका लागि अनुदान वितरण सम्बन्धि कार्यविधि, २०८१

स्विकृत मिति: २०८१/०३/२३

**प्रस्तावना:**

मर्स्याङ्दी गाउँपालिकामा रहेका गरिव, असहाय, दलित, अपाङ्ग भएका परिवार तथा व्यक्तीहरूले सञ्चालन गरिरहेका आरनहरूलाई थप व्यवस्थित तथा आधुनिक बनाउने मुल उद्देश्यका साथ मर्स्याङदी गाउँपालिकाले आरन सञ्चालनलाई व्यवस्थित र आधुनिक वनाउन आवश्यक सामाग्रीहरू जस्तै घन, सनासो लगायतका निर्माण उपकरणहरु र निर्माण स्थलको लागि जस्तापाता खरिदको लागि अनुदान वितरण गर्ने कार्यकम राखेको छ । "समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधार: कला, संस्कृतिको संरक्षण, कृषि, पर्यटन, उर्जा र पूर्वाधार" भन्ने मर्स्याङ्दी गाउँपालिकाको मूल नारालाइ आत्मसाथ गर्दै गाउँपालिकालाई थप समृद्ध, समुन्नत र आधुनिक बनाउनका लागि यहाँका गरिव अल्पसंख्यक, दलितहरुलाई लक्षित गरी आरन सुधार कार्यक्रम संचालन मार्फत जीवनस्तर सुधार गरी गाउँपालिकालाई समावेशी तथा समुन्नत पालिका वनाउने उद्देश्य लिइएको छं । गरिव असहाय, विस्थापित, द्वन्द पिडित, एकल महिला, विपदवाट विस्थापित जसले आरन सञ्चालन गरिरहेका छन् र थप व्यवस्थित र आधुनिक वनाउनका लागि थप सहयोगको आवश्यकता छ, त्यसलाई मध्यनजर गर्दै ती वर्ग समुदाय केन्द्रीत कार्यहरु अन्तर्गत तथ्यपुर्ण (यथार्थपरक, वास्तविक, र वैज्ञानिक मापदण्ड बनाई लागु गर्न मनासिव देखिएकाले यो कार्यविधी वनाई लागु गरिएको छ । यो कार्यविधी कार्यपालिकाले स्वीकृत गरे पछि लागु हुनेछ ।

**क) परिभाषा:-**

१. लाभग्राहि भन्नाले मर्स्याङ्दी गाउँपालिकावाट आरन सुधार अनुदान प्राप्त गर्ने मर्स्याङ्दी गाउँपालिकामा वसोवास गर्ने आरन सञ्चालक गरिव, असहाय, विस्थापित जनसंख्या, द्वन्द पिडित, गरिव, पिडित व्यक्ति वा परिवारलाई सम्झनु पर्दछ ।

२. असहाय भन्नाले कसैको संरक्षण नभएका आम्दानीको कुनै स्रोत नभएकालाई संम्झनु पर्नेछ ।

३. द्वन्द पिडित भन्नाले विभिन्न समयमा द्वन्दमा परेका व्यक्ति जो आरन सञ्चालन मार्फत दैनिक जीवनयापन गरिरहेका व्यक्ति वा परिवार सम्झनु पर्दछ,



Scanned with CamScanner

४. गरिव भन्नाले दैनिक जिविको पार्जन गर्नको लागि कुनै आम्दानी नभएका, वेरोजगारी भएको, दैनिक ज्यालादारी गरेर जिविकोपार्जन गर्ने व्यक्ति र परिवारलाई सम्झनु पर्दछ ,

५. पिडित भन्नाले आगो लागि पुन घर छाउन नसकेको , बाढी पहिरोले घरवार विहिन भएका, भुकम्पबाट अति क्षति भएका, हावाहुरी लगाएत कुनै पनि विपद ग्रस्त व्यक्ति र परिवारलाई सम्झनु पर्दछ,

६. लाभको पद लिएको व्यक्ति भन्नाले कुनै सरकारी निकायमा कामकाज गरि तलव सुविधा लिएको व्यक्ति सम्झनु पर्दछ, र सो शब्दले विदेश वा विदेशी संघ संस्थामा कामकाज गरि रहेको वा पेन्सन खाने व्यक्ति समेतलाई वुझाउँदछ ।

७. वडा अध्यक्ष भन्नाले मर्स्याङ्दी गाउँपालिका वडा कार्यालयको अध्यक्षलाई संम्झनु पर्दछ,

८. गाउँपालिका अध्यक्ष भन्नाले मर्स्याङ्दी गाउँपालिकाको अध्यक्षलाई संम्झनु पर्दछ

९. उपाध्यक्ष भन्नाले मर्स्याङ्दी गाउँपालिकाका उपाध्यक्षलाई संम्झनु पर्दछ,

१०. प्रमुख प्रशासकीय अधिकृत भन्नाले मर्स्याङ्दी गाउँपालिकाकाको प्रमुख प्रशासकीय अधिकृत लाईसंम्झनु पर्दछ,

११. गाउँपालिकाः- भन्नाले मर्स्याङ्दी गाउँपालिका संम्झनु पर्दछ,

१२. गाउँकार्यपालिका भन्नाले मर्स्याङ्दी गाउँपालिका, गाउँकार्यपालिका सम्झनु पर्दछ ।

**ख) आरन सुधार अनुदान सम्बन्धि व्यवस्थाः-**

मर्स्याङ्दी गाउँपालिकाले गाउँसभा मार्फत छुट्याईएको बजेट गाउँसभावाट आयोजना पारित गरि गाउँपालिकाभित्र आरन सञ्चालन गरिरहेका गाउँपालिका भित्रका स्थायी बासिन्दाहरुका लागि प्रतिव्यक्ति अधिकतम रु. २०,०००।– (अक्षरुपी विस हजार रुपैयाँ मात्र ।) अनुदान प्रदान गरिने छ ।

**ग) गाउँपालिकाले आरन सुधार अनुदान वितरण गर्न अपनाउने प्रक्रियाः-**

मर्स्याङ्दी गाउँपालिकाले असहाय गरिवलाई लक्षित गरि आरन सुधार तथा आधुनिकीकरण गर्न अनुदान वितरण गर्नेछ, वितरणका आधारहरु उल्लिखित हुनेछन् ।

१. गाउँसभावाट आरन सुधारका लागि अनुदान वितरण प्रयोजनार्थ वजेट विनियोजन गर्ने ।

२. वडा कार्यालयबाट हाल आरन सञ्चालन गरिरहेका वास्तविक गरिव, दलित, असहाय, पिडित, एकल महिला, द्वन्द पिडित, विस्थापित व्यक्ति/परिवारको सूचि माग गर्ने ।



Scanned with CamScanner

३. वडाबाट आएका लाभग्राहीको तथ्याङक संकलन गरि बास्तविक गरिव, असहाय, पिडित एकल महिला, द्वन्द पिडित, विस्थापित व्यक्ति/परिवारको छानविन गरि लाभग्राहीको नामावलीको प्राथमिकीकरण गर्ने ।

४. प्राथमिकिकरण भएको सूचीलाई कार्यपालिका वैठकवाट निर्णय पश्चात प्राप्त बजेटको सिलिङ भित्र हुने गरी अनुदान वितरणको अन्तिम नामावली प्रकाशन गर्ने ।

५. वडा/गाउँपालिका कार्यालयबाट वितरण गरिएका अनुदानहरुको अनुगमन वडा अध्यक्ष लगाएतको वडा समिति तथा मर्स्याङ्दी गाउँपालिकावाट संयुक्त रुपमा गरिनेछ ।

घ) लाभग्राहीको प्राथमिकताको आधारहरु

१. वडा समितिले सरोकारवाला समुहसँगको छलफल पछि लाभग्राहिको रुपमा सिफारिस गरेका व्यक्तिहरु।
२. अत्यन्तै गरिव परिवार जस्को आम्दानीको कुनै श्रोत छैन ।
३. कसैको संरक्षक नभएको वृद्ध/ वृद्धा वा वालवालिका ।
४. एकल महिला जसको आम्दानीको श्रोत नभएका ।
५. दलितहरु, अल्पसंख्यक, सिमान्तकृत वर्गका परिवारहरु ।
६. द्वन्द पिडित तथा अपाङ्ग ।

ङ) लाभग्राहीमा नपर्ने व्यक्ति वा परिवारहरु

१. संगोलमा वसेका एकै परिवारका दुई व्यक्तिहरू ।
२. एक आ.व. पहिले अनुदान प्राप्त गरेका व्यक्तिहरू प्राथमिकिकरणमा अन्तिममा पर्नेछन् ।
३. लाभको पद लिएका (सरकारी वा गैर सरकारी संघ संस्थामा) व्यक्ति वा परिवार ।
४. पेन्सन सुविधा(स्वदेश विदेश) लिईरहेका घरपरिवार ।
५. वैदेशिक रोजगारवाट मनग्य आम्दानी भएका ।

अन्य विशेष परिस्थितिमा अनुदान उपलब्ध गराउनु पर्ने भएमा कार्यपालिकाको वैठकले यस सम्बन्धी थप आवश्यक निर्णय गर्न सक्ने छ।



Scanned with CamScanner

**च) लाभग्राहीले अनुदान प्राप्त गर्दा अपानाउने विधि**

अनुदान प्राप्त गर्नका लागि लाभग्राहीले सुचनामा उल्लेखित समय भित्र तपसिल वमोजिमको प्रक्रिया पुरा गरि मर्स्याङ्दी गाउँपालिका वडा कार्यालयमा निवेदन पेस गर्नु पर्नेछ,

१) लाभग्राहीको नागरिकताको प्रतिलिपि र निवेदन (निवेदनको ढाँचा अनुसुचिमा रहेको),

२) वडा कार्यालयको निर्णयबाट स्वीकृत गरिएको लाभग्राहिको सूचिको निर्णय प्रतिलिपि सहितको वडा सिफारिस,

३) प्रस्तावना पत्र (प्रस्तावनाको ढाँचा अनुसूचिमा रहेको)

४) लाभग्राहीले हाल सञ्चालन गरिहेको आरन रहेको ठाउँ र हाल भएका सामाग्री स्पष्ट देखिने रंगिन फोटो,

**छ) सम्झौता तथा कार्यान्वयन**

छनौट भएका लाभग्राहीहरूसँग सम्झौता गरी कार्यक्रम अगाडि वढाइनेछ ।

**ज) सामाग्रीको सुरक्षा तथा जिम्मेवारी**

अनुदानवाट प्राप्त गरेका सामग्रीहरूको सुरक्षा गर्ने जिम्मेवारी स्वयम् लाभग्राहीले लिनुपर्नेछ र प्राप्त गरेको सामाग्रीहरू आफ्नो आरनलाई थप व्यवस्थित गर्ने कार्यमा मात्र प्रयोग गर्न सकिनेछ । यसवाहेक प्रयोग नै नगरी राख्ने वा अरु कुनै प्रयोजनको लागि प्रयोग गर्ने वा वेचविखन गर्ने वा अनुदानको उदेश्य विपरितको कार्यमा प्रयोग गरेमा प्रदान गरिएको अनुदान फिर्ता लिइनेछ, साथै यसरी फिर्ता भए पश्चात पुनः कुनै पनि प्रकारको अनुदान उपलब्ध गराईनेछैन ।

**झ) खारेजी र बचाउ**

यस कार्यविधिमा उल्लेख भएका कुराहरु यसै बमोजिम हुनेछ । अन्य कार्यविधि कार्यन्वयनको क्रममा कुनै दुविधा उत्पन्न भएमा अन्तिम व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकाले गर्ने छ ।

## (अनुसुची १)

## निवेदनको ढाँचा

मितिः- ..................

श्रीमान् प्रमुख प्रशासकिय अधिकृतज्यू,
मर्स्याङदी गाउँपालिका,
भुलभुले, लमजुङ

विषयः- आरन सुधार कार्यक्रम सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा मर्स्याङ्दी गाउँपालिकाको मिति गते प्रकाशित आरन सुधार कार्यक्रमको लागी प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना अनुसार आ.व. मा आरन सुधार कार्यक्रमको लागी वजेट विनियोजन भएको र म ..............................ले मर्स्याङ्दी गांउँपालिका वडा नं ....., ................. मा आरन सञ्चालन गरिरहेको र उक्त आरनलाई थप व्यवस्थित/आधुनिकिकरण गर्न ईच्छुक रहेकाले आवश्यक अनुदान उपलब्ध गरिदिनुहुन तपसिलमा उल्लेखित आवश्यक कागजातहरु सहित यो निवेदन पेस गरेको छु ।

तपसिल

१) प्रस्तावना पत्र ☐

२) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ☐

३) वडाको सिफारिस ☐

४) हाल आरन सञ्चालनमा रहेको स्थान र प्रयोगमा रहेका सामाग्रीहरु स्पष्ट देखिने फोटो(हरु)(संख्या .......) ☐

निवेदक

..................

..........................

आरन सञ्चालक

## (अनुसूची २)
## प्रस्तावना पत्रको ढाँचा

### प्रस्तावना पत्र

कार्यक्रमको नाम:- आरन सुधार कार्यक्रम

आरन सञ्चालकको नामथर:-

आरन सञ्चालकको ठेगाना:-

आरन रहेको स्थान:-

उद्देश्य:- म ............जिल्ला................न.पा./गा.पा .......वडा निवासि.........................
(आरन सञ्चालक) हाल मर्स्याङ्दी गाउँपालिका वडा नं ......, .........स्थानमा, विगत .............देखि आरन सञ्चालन गर्दै आएको र गाउँपालिकाको आरन सुधार कार्यक्रम अनुरुप तत्काल म सँग पर्याप्त स्रोत साधन उपलब्ध नभएको हुँदा, गाउँपालिकाद्वारा प्रदान गरीने अनुदान प्राप्त गरी आरनलाई व्यवस्थित र आधुनिकिकरण गर्नको लागि यो प्रस्तावना पेश गरेको छु ।

हाल उपलब्ध स्रोतसाधन:-

१.
२.
३.
४.
५.

आरनलाई थप व्यवस्थित तथा आधुनिकिकरण गर्न आवश्यक सामग्रीहरु:-

१.
२.
३.
४.
५.

यस कार्यक्रमको लागि अन्य कुनै संघ संस्था वा निकायबाट कुनै पनि किसिमको अनुदान प्राप्त गरेको छैन ।यदि कागजपत्रमा कुनै त्रुटि तथा दोहोरो अनुदान लिएको प्रमाणीत भएमा प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला ।

| दायाँ | बायाँ |
|---|---|
| | |

औंठा छाप

प्रस्तावक

....................

....................

हस्ताक्षर

अर्जुन गुरुङ
अध्यक्ष